नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं:
च नं:

मिति २०७५।९।१८

## प्रेस विज्ञप्ति

राज्यको पुर्संरचना पश्चात साविकमा रहेको जिल्लागत प्रशासनिक वर्गिकरणालाई स्थानीय तह अनुसार पुनरावलोकन गर्नुपर्ने आवश्यकता महशुस भएको छ । पूर्वाधार तथा सामाजिक विकासको अवस्थाको आधारमा स्थानीय तहको बर्गीकरण गरी विकासका प्राथमिकतासँग आबद्ध गर्न तथा स्थानीय तहमा खटिने कर्मचारीको सेवा सुविधा र वृत्ति विकासलाई वस्तुगत बनाउन गर्न मन्त्रालयबाट सूचकको विकास गरिएको थियो ।

विद्यमान निजमती सेवा ऐनले गरेको जिल्लागत बर्गीकरण उक्त ऐन अनुसार कर्मचारीको वृत्ति विकाससँग मात्र सम्बन्धित रहेकोमा यस बर्गीकरणले कर्मचारी व्यवस्थापन, कर्मचारीको सेवा सुविधा र वृत्ति विकासका साथै पूर्वाधार तथा सामाजिक विकासका प्राथमिकता तय गर्न समेत उपयोगी हुने देखिन्छ ।

यातायातको सुविधा (सडक तथा हवाइ यातायातको गुणस्तर र नियमितता), प्रदेश राजधानीदेखिको दूरी, जिल्ला सदरमुकामदेखिको दूरी, स्थानीय तहमा उपलब्ध शिक्षा, स्वास्थ्य सेवा, दूरसञ्चारको सेवा, विद्युत सेवाको पहुँच र नियमितता, मानव विकास सूचकाङ्क, भौगोलिक अवस्थिति र स्थानीय तहको स्तर समेतको आधारमा सूचक निर्धारण गरी प्रारम्भिक विवरण तयार गरिएको छ । सम्बन्धित जिल्ला समन्वय समितिबाट प्राप्त भएको सूचनाको आधारमा तयार भएको विवरण सबैको जानकारीको लागि मन्त्रालयको वेभसाइट www.mofaga.gov.np मा राखिएको छ । उक्त विवरणलाई विषयगत मन्त्रालय, विभाग तथा अन्य सरकारी निकायमा रहेको आधिकारिक तथ्याङ्कसँग भिडाउने कार्य भइरहेको छ । उक्त कार्य सम्पन्न पश्चात मात्र स्थानीय तहको प्रशासनिक बर्गीकरणको अन्तिम सूची तयार गरिने छ ।

मन्त्रालयबाट तयार भएको उक्त प्रारम्भिक विवरणमा अतिदुर्गम (क) वर्गमा १६२ स्थानीय तह, दुर्गम (ख) वर्गमा २१८ स्थानीय तह, मध्यम (ग) वर्गमा २७५ स्थानीय तह र सुगम (घ) वर्गमा ९८ स्थानीय तह रहेका छन् । वास्तविक विवरणसँग फरक परेको भएमा ७ दिन भित्र विषयगत निकायको आधिकारिकता सहित मन्त्रालयको इमेल cmmofald@gmail.com वा स्थानीय तह समन्वय शाखामा जानकारी दिई उक्त विवरणलाई अन्तिम रुप दिन सहयोग पुर्याउन मन्त्रालय सबै जिल्ला समन्वय समिति र गाउँपालिका तथा नगरपालिका लगायत सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ ।

(सुरेश अधिकारी)
सह सचिव एवम् प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय